माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८० असोज ०५ गते वसेको वैठकका निर्णयहरु देहायबमोजिम पारित गरियो ।

**निर्णयहरु:**

**निर्णयहरु:**

१. माण्डवी गाउँपालिका अन्तर्गतका सम्पूर्ण शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका कार्यालयहरुको दैनिक क्रियाकलाप, सेवा प्रवाह सम्वन्धमा व्यापक छलफल गरियो । साथै यस्ता कार्यालयबाट भएका राम्रा क्रियाकलाप आगामी दिनमा अनुसरण गर्ने र गलत क्रियाकलापहरुलाई सुधार गर्न निर्देशन दिने निर्णय गरियो । साथै माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८० भाद्र २१ गते वसेको वैठकले गरेको निर्णयहरुको सम्वन्धमा प्रत्येक निर्णयको कार्यान्वियनको समिक्षा गरियो । धेरै निर्णयहरु कार्यान्वयनमा गईसकेका तथा वाँकी निर्णय कार्यान्वियन सिघ्र गर्न गाउँपालिका प्रशासनलाई निर्देशन दिने ।

२. संघीय संसदमा दर्ता भएको शिक्षा सम्वन्धि कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक विद्यालय शिक्षा ऐन २०८० को सन्दर्भलाई लिएर शिक्षकहरुले आफ्नो हकहितका लागी शान्तिपुर्ण रुपमा माग राख्ने आवाज उठाउने र संघर्ष गर्न पाउने अधिकार सुरक्षित छ । यद्यपी विद्यालयलाई वन्द गरी विद्यार्थिको पठनपाठन गर्ने संवैधानिक मौलिक हकलाई सम्मान गर्दै नियमित रुपमा विद्यालयमा फर्की पठनपाठन कार्य सुचारु गर्न निर्देशन गर्ने ।

३. कृषि तथा पशुपन्छी विकास मन्त्रालय ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना आर्थिक करिडोर कार्यालय बुटवल रुपन्देहीवाट कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माणका लागी आशयपत्र पेश गर्ने सम्वन्धमा प्राप्त पत्रानुसार एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माणका लागी कृषि पुर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ को मापदण्ड र तोकिएको ढाँचामा आशयपत्र पेश गर्ने ।

४. माण्डवी गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई जनमुखि, उत्तरदायि र प्रभावकारी वनाउनका लागि सेवा प्रवाहको नवीनतम प्रविधिमा जोड दिने ।

५. विविध अन्तर्गत देहायका निर्णय गरियो ।

क. एम्वुलेन्स संचालन सम्वन्धमा आएका विभिन्न गुनासोका सम्वन्धमा स्वास्थ्य चौकी प्रमुख मार्फत हालसम्मको समिक्षाका लागि प्रतिवेदन माग गरी छलफल गर्ने तथा एम्वुलेन्स संचालन एकद्वार प्रणाली मार्फत स्वास्थ्य चौकी इन्चार्जले गर्ने र सो कार्यको पूर्ण जिम्मेवार हुने गरी तोक्ने निर्णय गरियो ।

२०८०/०६/०५

...काश पाण्डे
...प्रशासकीय अधिकृत